# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, वैशाख २ गते, २०८३ साल (पूर्व अतिरिक्ताङ्क १

## भाग ५

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ बमोजिम सर्वोच्च अदालतका पूर्व न्यायाधीशको अध्यक्षतामा देहाय बमोजिमको सम्पत्ति छानबिन आयोग २०८३ गठन गरी देहाय बमोजिम कार्यसम्पादनको सर्त तोक्ने निर्णय मिति २०८३।०१।०२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१. आयोगको संरचना :**

(क) श्री राजेन्द्र कुमार भण्डारी (पूर्व न्यायाधीश, सर्वोच्च अदालत) - अध्यक्ष

(ख) श्री पुरुषोत्तम पराजुली (पूर्व मुख्य न्यायाधीश, पुनरावेदन अदालत) - सदस्य

(ग) श्री चण्डीराज ढकाल (पूर्व न्यायाधीश, उच्च अदालत) - सदस्य

(घ) श्री गणेश केसी (पूर्व प्रहरी नायब महानिरीक्षक, नेपाल प्रहरी) - सदस्य

(ङ) श्री प्रकाश लम्साल (चार्टर्ड एकाउण्टेण्ट) - सदस्य

**२. आयोगको काम, कर्तव्य र अधिकार :**

आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) देहायको सार्वजनिक पदमा रहेका वा पदबाट सेवा निवृत्त भएका वा हटिसकेका देहायका पदाधिकारी र तिनका परिवार समेतका नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्तिको विवरण सङ्कलन गर्ने र सो उपर जाँचबुझ गर्ने :-

(१) तत्कालीन श्री ५ को सरकार र नेपाल सरकारका प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री,

(२) तत्कालीन संसद सदस्य, व्यवस्थापिकाको रूपमा कार्य गर्ने संविधानसभाका सदस्य,

(३) नेपाल अधिराज्यको संविधान, २०४७, नेपालको अन्तरिम संविधान, २०६३ र नेपालको संविधानबमोजिम नियुक्त भई संवैधानिक निकायका पदमुक्त भएका वा हटेका प्रमुख तथा पदाधिकारी,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पूर्व न्यायाधीशहरू तथा नेपाली सेनाको सेवा निवृत्त राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिका अधिकृतहरू,

(४) प्रदेश प्रमुख, प्रदेश सरकारका मुख्यमन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री,

(५) प्रदेश सभाका सदस्य तथा पदाधिकारी,

(६) साविकको जिल्ला विकास समिति र हालको जिल्ला समन्वय समितिका पदाधिकारी,

(७) स्थानीय तहका प्रमुख तथा उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्ष,

(८) नेपाली राजदूतावास तथा कूटनीतिक नियोगका प्रमुख तथा कर्मचारी,

(९) राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिको पदका निजामती सेवा, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागका कर्मचारी,

(१०) कार्यालय प्रमुखको पदमा कार्यरत वा कार्य गरेको निजामती सेवा, संसद सेवा वा स्वास्थ्य सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारी,

(११) कार्यालय प्रमुख पदमा कार्यरत वा कार्य गरेको नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागको राजपत्राङ्कित द्वितीय श्रेणी सरहको कर्मचारी,

(१२) नेपाल राष्ट्र बैङ्कका गभर्नर, सञ्चालक समितिका पदाधिकारी, डेपुटी गभर्नर, कार्यकारी निर्देशक र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिका कर्मचारी,

(१३) प्रचलित कानून बमोजिम स्थापित सरकारी बैङ्क तथा वित्तीय संस्था, नेपाल सरकारका आयोग, प्रतिष्ठान, प्राधिकरण, बोर्ड, समिति, केन्द्र आदिका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिको कर्मचारी,

(१४) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्थानका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिको कर्मचारी,

(१५) नेपाल सरकारबाट अनुदान प्राप्त गर्ने विश्वविद्यालय, प्रतिष्ठान लगायतका निकायका पदाधिकारी र राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिको कर्मचारी,

(१६) राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, नेपाल सरकार वा प्रदेश सरकारको मन्त्री, प्रदेश सरकारको मुख्यमन्त्री, नेपाल सरकार वा प्रदेश सरकारको राज्यमन्त्री, सहायक मन्त्री वा संवैधानिक निकायका प्रमुख तथा सदस्य वा यस्तै पदमा रहेका व्यक्तिले नेपाल सरकार वा प्रदेश सरकारबाट पारिश्रमिक वा सुबिधा लिने वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नलिने गरी नियुक्त भएका वा नियुक्त नभई कार्य गरेका सल्लाहकार, स्वकीय सचिव, निजी सचिव वा यस्तै पदाधिकारी,

(१७) सम्पत्ति छानबिन गर्दा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी आफू र आफ्ना परिवारका सदस्य, आफन्त वा नातेदारको सम्बन्धमा नपर्ने व्यक्ति तथा स्वदेश वा विदेशमा लुकाएको वा पठाएको विषयमा समेत अनुसन्धान गर्ने।

(ख) बहालवाला न्यायाधीश वा नेपाली सेना वा यस आयोगको कार्यक्षेत्रमा नपरेका अन्य पदाधिकारी वा कर्मचारीको हकमा उजुरी प्राप्त भएमा अनुसन्धानका लागि सम्बन्धित निकायमा लेखी पठाउने।

(ग) पहिलो चरणमा आर्थिक वर्ष २०६२/६३ देखि आर्थिक वर्ष २०८२/८३ को चैत मसान्तसम्म माथि खण्ड (क) मा उल्लिखित पदाधिकारी र कर्मचारीको सम्पत्ति विवरण सङ्कलन, पुष्ट्याँई र छानबिन गर्ने।

(घ) दोस्रो चरणमा वि. सं. २०४८ सालदेखि आर्थिक वर्ष २०६१/६२ सम्मको अवधिमा माथि खण्ड (क) मा उल्लिखित पदाधिकारी र कर्मचारीहरूको सम्पत्ति विवरण सङ्कलन, पुष्ट्याँई र छानबिन गर्ने।

(ङ) माथि खण्ड (क) र (ख) बमोजिमका सार्वजनिक जिम्मेवारीमा रहेका राजनीतिक पदाधिकारी र कर्मचारीहरूमध्ये भ्रष्टाचारबाट तथा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गर्नसक्ने बढी सम्भावना भएका व्यक्तिहरू पहिचान गरी छानबिनको दायरा निर्धारण गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) सम्पत्ति छानबिन गर्दा पैत्रिक सम्पत्ति तथा वैधानिक आर्जन र सोबाट बढे बढाएको पक्षलाई समेत गहन अध्ययन गरी सम्पत्ति यकिन गर्ने।

(छ) छानबिन गरिने पदाधिकारी र कर्मचारीको व्यक्तिगत तथा सार्वजनिक मर्यादामा खलल नपुग्ने गरी गोप्य रूपमा छानबिन र अनुसन्धान गर्ने।

(ज) जाँचबुझको क्रममा विदेशमा रहेको सरोकारवाला व्यक्तिको आर्थिक हैसियत समेत हेर्न सक्ने।

(झ) आयोगमा उजुरी परेका, विभागीय कारबाहीमा परेका, अस्वभाविक रूपमा उच्च आर्थिक हैसियत देखिएका, विचौलियाको रूपमा कार्य गरेका, कर तथा राजस्व प्रशासन, भूमि प्रशासन तथा यातायात व्यवस्था जस्ता जनताको प्रत्यक्ष सम्पर्क हुने सार्वजनिक निकायमा लामो समयसम्म वा पटक पटक कार्यालय प्रमुख तथा अन्य हैसियतमा काम गरेका, भ्रष्टाचारका दृष्टिकोणले जोखिमयुक्त कार्यालय/निकायमा काम गरेका कर्मचारीको सम्पत्ति प्राथमिकताको साथ छानबिन गर्ने।

(ञ) सम्पत्ति छानबिन गर्दा अवैधानिक वा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको भन्ने तथ्य र प्रमाणबाट पुष्टि हुन आएमा त्यसरी स्रोत नखुलेको सम्पत्तिको विवरणसमेत तयार गरी नेपालको प्रचलित कानूनबमोजिम थप अनुसन्धान गरी कारबाही अघि बढाउनका लागि सम्बन्धित निकायसमेत उल्लेख गरी सिफारिस गर्ने।

३. **आयोगको कार्य प्रणाली :**

(क) आयोगले जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम आफ्नो कार्यसम्पादन गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आयोगले स्वतन्त्र, निष्पक्ष र व्यावसायिक ढङ्गले कार्य गर्नेछ र कसैको दबाब वा प्रभावमा पर्ने छैन।

(ग) आयोगले लिखित, मौखिक, विद्युतीय माध्यम, सामाजिक सञ्जाल वा अन्य जुनसुकै माध्यमबाट समेत उजुरी लिन सक्नेछ।

(घ) आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा विज्ञको सल्लाह लिन सक्नेछ।

तर यसरी विज्ञलाई आमन्त्रण गर्दा स्वार्थको द्वन्द्व भएको विज्ञलाई आमन्त्रण गर्न सक्ने छैन।

(ङ) आयोगले आफ्नो कार्यक्षेत्रभित्र पर्ने व्यक्तिको जाँचबुझको क्रममा तिस दिनको अवधि दिई सार्वजनिक सूचना जारी गर्न सक्नेछ। सूचना दिने व्यक्तिले आफ्नो सम्पर्क तथा जानकारी खुलाउनु पर्नेछ। सूचना दिने व्यक्तिको पहिचान गोप्य राखिनेछ।कानून बमोजिम बाहेक सूचना दिएको कुरा सार्वजनिक गरिने छैन।

(च) आयोगले कुनै पदाधिकारीको सम्पत्ति छानबिन गर्दा सम्बन्धित निकायबाट लिखित रुपमा विवरण माग गर्न र यकिन गराउन सक्नेछ। सम्बन्धित निकायले आयोगले माग गरेको पन्ध्र दिनभित्र विवरण उपलब्ध वा यकिन गराउनु पर्नेछ। विवरण उपलब्ध नगराउने निकायको हकमा आयोगले नेपाल सरकार समक्ष प्रतिवेदन गर्न सक्नेछ।

(छ) आयोगले आफ्नो कार्यसम्पादनको क्रममा यसअघि गठन भएका आयोग, समिति वा निकायले पेस गरेको छानबिन सम्बन्धी प्रतिवेदन, तथ्याङ्क, सिफारिसलाई आधार सामग्रीको रुपमा उपयोग गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) विदेशमा लुकाएको शङ्कास्पद सम्पत्तिको छानबिन गर्दा प्रचलित कानूनको अधीनमा रही विदेशस्थित नेपाली कुटनीतिक नियोग, इन्टरपोल तथा अन्य अनुसन्धानकारी निकायसँग सम्पर्क र समन्वय गर्न सक्नेछ।

(झ) आयोगले छानबिन गर्दा प्रचलित कानूनले तोकेको कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

(ञ) जाँचबुझसम्बन्धी थप कार्यविधि आयोग आफैंले निर्धारण गर्न सक्नेछ।

**४. आयोगमा रहने जनशक्ति व्यवस्थापन :**

आयोगको सचिवालयमा आवश्यक पर्ने कर्मचारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपलब्ध गराउनेछ। आयोगमा खटाइने जनशक्तिको विवरण अनुसूची बमोजिम हुनेछ। आयोगको माग, आवश्यकता र औचित्यको आधारमा विभिन्न विधाका थप जनशक्ति खटाउन सकिनेछ। यसरी कर्मचारी खटाउँदा निजको इमान्दारिता, नैतिक आचरण र कार्यकुशलतालाई विशेष ध्यान दिनु पर्नेछ।

**५. जाँचबुझ आयोगको प्रतिवेदन :**

(क) आयोगले कुनै पदाधिकारी वा कर्मचारीको हकमा जाँचबुझ पूरा गरे पछि नेपाल सरकार समक्ष क्रमशः सिफारिस गर्दै जानेछ। सो प्रतिवेदन नेपाल सरकारले पैंतालिस दिनभित्र आवश्यक कारबाहीको प्रकृया अगाडि बढाउनु पर्नेछ।

(ख) जाँचबुझको काम सम्पन्न भएपछि जाँचबुझ आयोग ऐन, २०२६ को दफा ४ को उपदफा (२) बमोजिम आयोगले आफ्नो राय सहितको प्रतिवेदन मुख्यसचिव मार्फत नेपाल सरकारसमक्ष पेश गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **जाँचबुझ आयोगको अध्यक्ष, सदस्य तथा सचिवालयमा खटिने कर्मचारीको पारिश्रमिक तथा सेवा सुविधा :**

(क) आयोगको अध्यक्षलाई नेपाल सरकारको राज्यमन्त्री सरहको पारिश्रमिक र सवारी साधन, इन्धन, सवारी चालक, सञ्चार सुविधा वापतको रकम मासिक साठी हजार रूपैयाँ उपलब्ध गराउने।

(ख) आयोगको सदस्यलाई नेपाल सरकारको सहायक मन्त्री सरहको पारिश्रमिक र सवारी साधन, इन्धन, सवारी चालक, सञ्चार सुविधा वापतको रकम मासिक साठी हजार रूपैयाँ उपलब्ध गराउने।

(ग) आयोगको सचिवालयमा काम गर्ने कर्मचारीलाई बहाल रहेको पदको शुरू तलब स्केलको २५ प्रतिशत थप भत्ता उपलब्ध गराउने।

(घ) आयोगलाई आवश्यक पर्ने मसलन्द, फर्निचर, उपकरण, सवारी साधन लगायतका मसलन्द प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले व्यवस्थापन गर्ने।

(ङ) आयोग र आयोगको सचिवालयलाई आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले उपलब्ध गराउने।

७. **आयोगको कार्यावधि :** आयोगको कार्यावधि आयोगले काम सुरू गरेको मितिले एक वर्षको हुनेछ।

८. **आयोगको सचिवालय :** आयोगको सचिवालय काठमाडौँ उपत्यकाभित्र रहनेछ।

९. **आयोगको सम्पर्क कार्यालय :** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय आयोगको सम्पर्क कार्यालय हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१०. आयोग खारेज वा विघटन वा कार्यावधि सम्पन्न हुँदाको परिणाम**:

नेपाल सरकारले आवश्यकता र औचित्यको आधारमा सम्पत्ति छानबिन आयोग २०८३ विघटन गर्न सक्नेछ। कुनै कारणले यो आयोग विघटन वा खारेज भएमा वा कार्यावधि समाप्त भएमा वा कार्य सम्पन्न भएमा आयोगले गरेका काम कारबाहीको अभिलेख सम्बन्धी सम्पूर्ण कागजात गोप्य रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा बुझाउनु पर्नेछ।

**११. शपथ लिनुपर्ने र सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने** :

(क) आयोगका अध्यक्ष तथा सदस्यले कार्य प्रारम्भ गर्नु अगाडि तोकिए बमोजिम शपथ लिनु पर्नेछ। आयोगका पदाधिकारी तथा आयोगमा खटिने राष्ट्रसेवक कर्मचारीले कार्य प्रारम्भ गरेको मितिले सात दिनभित्र सम्पत्ति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नु पर्नेछ। त्यस्तो सम्पत्ति विवरण कार्यालयले सार्वजनिक गर्नेछ।

(ख) खण्ड (क) बमोजिम सार्वजनिक गरेको सम्पत्ति वास्तविक नभएको वा लुकाए छिपाएको वा कुनै कारणले निजको उच्च चरित्र नभएको भन्ने लागेमा प्रमाणसहित जोसुकैले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लिखित रूपमा उजुरी दिन सक्नेछ। त्यस्तो उजुरी उपर नेपाल सरकारले आवश्यक निर्णय गर्न सक्नेछ।

(ग) आयोगमा खटिने राष्ट्रसेवक कर्मचारीले गोपनीयता तथा स्वार्थको द्वन्द्वसम्बन्धी स्वघोषणा गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१२. जाँचबुझ आयोगको अध्यक्ष, सदस्य तथा सचिवालयमा खटिने कर्मचारीलाई पदमुक्त गर्ने सक्ने :**

(क) जाँचबुझ आयोगको अध्यक्ष वा सदस्यले संविधान र कानूनको उल्लङ्घन गरेको वा कार्यक्षमताको अभाव भएको वा खराब आचरण भएको वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा आचार संहिताको उल्लङ्घन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेमा नेपाल सरकारले निजलाई पदमुक्त गर्न सक्नेछ।

(ख) सचिवालयमा खटिने कर्मचारीले पद अनुकूल आचरण पालना गरेको नदेखिएमा फिर्ता बोलाउन सक्नेछ।

**१३. बाधा अड्काउ फुकाउ :**

यस आयोगको कार्यसम्पादनको क्रममा कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउ गर्ने अधिकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

(बुँदा नं. ४ सँग सम्बन्धित)

## आयोगको सचिवालयमा रहने अस्थायी दरबन्दी विवरण

| क्र.स. | पद | श्रेणी | सेवा/निकाय | समूह | जम्मा |
|---|---|---|---|---|---|
| १. | सहसचिव | रा.प. प्रथम | नेपाल न्याय | न्याय/ कानून | १ |
| २. | उपसचिव | रा.प. द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ |
| ३. | उपसचिव | रा.प. द्वितीय | नेपाल न्याय | न्याय | २ |
| ४. | उपसचिव | रा.प. द्वितीय | नेपाल न्याय | कानून | १ |
| ५. | उपसचिव | रा.प. द्वितीय | नेपाल न्याय | सरकारी वकील | १ |
| ६. | प्रहरी नायब उपरिक्षक | रा.प. द्वितीय | नेपाल प्रहरी | - | १ |
| ७. | उप अनुसन्धान निर्देशक | रा.प. द्वितीय | राष्ट्रिय अनुसन्धान विभाग | - | १ |
| ८. | शाखा अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ |
| ९. | शाखा अधिकृत | रा.प. तृतीय | नेपाल न्याय | न्याय | २ |
| १०. | शाखा अधिकृत | रा.प. तृतीय | नेपाल न्याय | कानून | १ |
| ११. | शाखा अधिकृत | रा.प. तृतीय | नेपाल न्याय | सरकारी वकील | १ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | नेपाल विविध | - | १ |
| १३. | प्रहरी निरीक्षक | रा.प. तृतीय | नेपाल प्रहरी | - | १ |
| १४. | नायब सुव्बा | रा.प. अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | ६ |
| १५. | कम्प्युटर अपरेटर | रा.प. अनं. प्रथम | नेपाल विविध | - | ४ |
| १६. | हलुका सवारी चालक | श्रेणी विहिन | - | - | ३ |
| १७. | कार्यालय सहयोगी | श्रेणी विहिन | - | - | ३ |
| **कुल जम्मा** | | | | | **३२** |

**<u>द्रष्टव्य</u>**: उल्लिखित अस्थायी दरबन्दी बमोजिमको जनशक्ति पदपूर्ति नहुँदासम्म सचिवालयको कार्यको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनशक्ति व्यवस्थापन गर्नेछ।

**आज्ञाले,**
**पुष्कर सापकोटा**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. १५।–**
**गो.द्र.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।